कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# पशु अस्पताल तथा पशु सेवा कार्यालय

सल्यान

फोन न: ०८८-५२०३८२
टोल फ्रि न. १८१०५००११२१
ईमेल: vetsecsalyan@gmail.com
वेवसाईड: vethossalyan.karnali.gov.np

पत्र संख्या: २०८३।०८४
च.नं.

मिति: २०८३/०६/०९

## कार्यक्रम मागको लागि सुचिकृत निवेदन आव्हानको सुचना

**प्रथम पटक प्रकाशित मिति: २०८३।०६।०८**

यस पशु अस्पताल तथा पशु सेवा कार्यालय सल्यानको आ. व. २०८३/०८४ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार तपशिलमा उल्लेखित कार्यक्रमहरु संचालन गर्नु पर्ने भएकाले यस कार्यालयमा सुचिकृतको लागि सम्बन्धित क्षेत्रका इच्छुक कृषक, कृषक समुह, सहकारी संस्था, व्यवसायिक फर्म/ कम्पनी/ उद्यमी / व्यवसायिहरुले यो सुचना प्रकाशन भएको मितिले ३० दिन भित्र तोकिएको ढाँचामा यस कार्यालयमा निवेदन पेश गर्न अनुरोध सहित थप जानकारिको लागि यस कार्यालयको सम्पर्क नं. ०८८५२०३८२ मा सम्पर्क गर्न सकिने छ। निवेदन पेश गर्ने अन्तिम दिनमा सार्बजनिक बिदा पर्न गएमा सो लगत्तै कार्यालय खुलेको पहिलो दिनलाई सुचनाको अन्तिम म्याद सम्झी निवेदन बुझाउन सकिनेछ ।

तपशिल

| क.सं. | कार्यक्रमको नाम | इकाई | परिमाण | अनुदान रकम (रु.हजारमा) | आवश्यक न्यनतम मापदण्ड | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | व्यवसायिक पशुपन्छी प्रवर्द्धन कार्यक्रम | पटक | १ | ९५० | भेडा वाखाः माउ २५ ,गाई भैसी वंगुरः माउ ५,कुखुराःस्थानिय ५०, लेयर्स तथा अन्यः १००० | सम्पुर्ण कार्यक्रमहरु कृषि सम्वन्धी (संचालन तथा व्यवस्थापन) कार्यविधी, अनुसार संचालन हुनेछ |
| २. | माग तथा व्यवसायिक परियोजनामा आधारित पशुपन्छी विकास कार्यक्रम | पटक | १ | १३३० | " " | |
| ३. | स्थानिय पशुपन्छी प्रवद्धन कार्यक्रम | पटक | १ | १४२५ | " " | |
| ४. | जिल्ला स्तरिय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम | पटक | १ | १५० | कार्यविधी अनुसार | |
| ५. | मागको आधारमा पशुपन्छीपालनका लागि आवश्यक साना औजार उपकरणमा सहयोग कार्यक्रम | पटक | १ | ६६५ | कार्यविधी अनुसार | |
| ६. | अर्गानिक कृषि उत्पादको लागि भकारो सुधार कार्यक्रम | संख्या | २४ | ९५० | गाई भैसीः माउ ५ | |
| ७. | दुध उत्पादन गर्ने दुग्ध व्यवसायी कृषकहरुलाई प्रति लि. रु ५ प्रोत्साहन कार्यक्रम | पटक | ४ | २०९० | कार्यविधी अनुसार | |

### आवश्यक कागजात:

- रु १० को हुलाक टिकट सहितको निवेदन ।
- कृषि व्यवसाय गर्ने अनुसुची-३ अनुसारको निवेदन र प्रतिवद्धता पत्र यस कार्यालयमा प्रत्यक्ष तथा कार्यालयको Website: www.vethossalyan.karnali.gov.np बाट डाउनलोड गरि उक्त अनुसुची सहितको निवेदन पेश गर्नु पर्ने ।
- नेपाली नागरीकताको प्रतिलिपि ।
- सम्वन्धित स्थानिय तह (पशु सेवा शाखा) बाट विगत २ आर्थिक बर्षमा सोही प्रकृतिको अनुदान नलिएको खुलाईएको र कार्यक्रम संचालनको लागि सिफारिश गरिएको पत्र ।
- सम्वन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि, स्थायी लेखा नं., करचुक्ताको प्रतिलिपि ।
- आवेदन पेश गर्दा अनुदान ग्राहिले १ लाख देखि ५ लाख सम्म माग गर्दा रु १०० रुपैया र सो भन्दा माथि अनुदान माग गरेमा रु. ५०० रुपैया निवेदन दस्तुर कार्यालयको राजस्व खातामा बुझाएको बैंक भौचर वा नगार्द रसिद पेश गर्नुपर्ने छ ।
- कर्यक्रम माग सम्वन्धि निर्णयको प्रतिलिपि (समुह/सहकारी/कम्पनिको हकमा) ।
- व्यवसाय सञ्चालन गरेको व्यवसायिको नाममा रहेको जग्गा धनी पुर्जाको प्रतिलिपी । लिजमा लिई सञ्चालन भएको हकमा वडा कार्यालयमा दर्ता रेकर्ड भएको १० (दस) बर्षे जग्गा करार सम्झौता र जग्गा धनी पुर्जाको प्रतिलिपी ।

२०८३/०६/०८
डा. अनुप श्रेष्ठ
पशु विकास अधिकृत

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशु अस्पताल तथा पशु सेवा कार्यालय
सल्यान

फोन न: ०८८-५२०३८२
टोल फ्रि न. १८१०५००११२१
ईमेल: vetsecsalyan@gmail.com
वेवसाईड: vethossalyan.karnali.gov.np

- सहकारीको हकमा गत आ.व को संस्थाको लेखा परिक्षण सम्बन्धि प्रतिवेदनको प्रतिलिपि । साथै समुह तथा सहकारीको हकमा पशुपन्छी तथा पशुपन्छी जन्य उत्पादनको बार्षिक कारोबार स्पष्ट खुलेको लेखा परिक्षणको रिपोर्टको प्रतिलिपी पेश गर्नेलाई कार्यक्रममा प्राथमिकता दिइनेछ ।
- विगतका बर्षहरुमा एका घरका व्यक्तीहरु वा उनिहरुबाट संचालित व्यवसायमा सोहि प्रकृतीको कृयाकलापमा कुनै पनि सरकारी निकायबाट अनुदान लिए/नलिएको स्वः घोषणा पत्र पेश गर्नु पर्ने।
- अन्य छुट भएका बिषयहरु प्रचलित कानुन् बमोजिम हुनेछन ।

**राजस्व सम्बन्धि विवरण**

१. बैंकको नाम:- नेपाल बैंक लिमिटेड सल्यान
२. कार्यालयको नाम:- पशु अस्पताल तथा पशु सेवा कार्यालय सल्यान
३. कार्यालयको कोड नं :- ३१२०२६००२६
४. राजस्व खाता न:- २७५०२००००१००१००००००१
५. राजस्व शिर्षक न:- १४२२९

**दुध उत्पादन गर्ने दुग्ध व्यवसायी कृषक हरुलाई प्रति लि. रु ५ प्रोत्साहन कार्यक्रमका लागि आवश्यक कागजातहरु:**

- रु १० को हुलाक टिकट सहितको निवेदन ।
- कार्यालयले तोकीएको ढाँचामा प्रस्ताव पेश गर्नु पर्ने ।
- नेपाली नागरीकताको प्रतिलिपि ।
- सम्बन्धित स्थानिय तह (पशु सेवा शाखा) बाट सिफारिश गरिएको पत्र ।
- सम्वन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि, स्थायी लेखा नं., करचुक्ताको प्रतिलिपि ।
- मिति २०८३ साल श्रावण १ गते देखि बिक्री गरेको दुधको रेकर्ड।
- विगतका बर्षहरुमा एका घरका व्यक्तीहरु वा उनिहरुबाट संचालित व्यवसायमा सोहि प्रकृतिको कृयाकलापमा कुनै पनि सरकारी निकाय निकायबाट अनुदान लिए/नलिएको स्वः घोषणा पत्र पेश गर्नु पर्ने।
- दुध उत्पादनमा प्रोत्साहन सेवा लिनको लागि औपचारिक रुपमा दुग्ध उत्पादक कृषकले दुध संकलन केन्द्र, डेरी पसल वा सहकारीको अभिलेख राखि विक्रिकर्ताको रेकर्ड प्रमाणीत गरि उक्त विक्रेताको शिफारिश, बैंक स्टेटमेन्ट हुनुपर्ने ।
- अन्य छुट भएका बिषयहरु प्रचलित कानुन् बमोजिम हुनेछन ।

**नोटः**

- क्र.सं. १,२,५ र ७ का कार्यक्रमहरु "कृषि सम्बन्धी कार्यक्रम (संचालन तथा व्यवस्थापन) कार्यविधी , २०८२" बमोजिम र क्र.सं. ३,४ र ६ का कार्यक्रमहरु "कृषि सम्बन्धी कार्यक्रम (संचालन तथा व्यवस्थापन) कार्यविधी २०८१" बमोजिम संचालन हुनेछ ।
- विगत २ आर्थिक बर्षमा कुनै पनि सरकारी निकायबाट सोही प्रकृतिको कृयाकलापमा नगत तथा वस्तुगत अनुदान लिएकालाई छनोट प्रकृयामा समावेस गरिने छैन । साथै बिगतका बर्षहरुमा एकै प्रकृतीको अनुदान प्राप्त गरेका कृषकहरुलाई समेत कार्यक्रम संचालनमां प्राथमिकता राखिने छैन ।
- झुट्टा विवरण पेश गरि निवेदन दिने निवेदकलाई जुनसुकै बेला कार्यक्रम संचालन प्रकृया रद्द गरी "कृषि सम्बन्धी कार्यक्रम (संचालन तथा व्यवस्थापन) कार्यविधी , २०८२" को दफा २८ को उपदफा ३ बमोजिम कारवाही गर्न सकिनेछ ।
- थप जानकारिको लागि यस कार्यालयको सुचना पार्टी र वेबसाइट vethossalyan.karnali.gov.np हेर्न, स्थानिय तह पशु सेवा शाखामा बुझ्न साथै कार्यालयको फोन नं. ०८८५२०३८२ मा सम्पर्क गर्न सकिनेछ ।

Anup Shrestha
२०८३/०३/०५
डा. अनुप श्रेष्ठ
पशु विकास अधिकृत

CamScanner